# मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

४ नं. प्रदेश, नेपाल

प.स. :- २०७४/०७५

च.नं. :- ८७३

मिति :- २०७५/०२/१३

---

विषय :- सूचना टाँस गरी जानकारी दिनु हुन ।

श्री जिल्ला प्रशासन कार्यालय, म्याग्दी

बेनी

श्री जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दी

बेनी

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, म्याग्दी

बेनी

श्री २ नं. वडा कार्यालय बाबियाचौर, म्याग्दी

उपर्युक्त सम्बन्धमा यस गाउँ कार्यपालिकाको कार्यालय, २ नं. वडा कार्यालय तथा स्टोर एवम् आवासको प्रयोजनको लागि आवश्यक पर्ने घर/फ्ल्याट भाडामा लिने बारेको १५ दिने सार्वजनिक सूचनाको १ प्रति यसै पत्र साथ तहाँ कार्यालयमा उपलब्ध गराइएको छ । तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी दिनु हुन अनुरोध छ ।

२०७५।२।१३

विष्णुप्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत

मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल


प.स. :- २०७४/०७५
च.नं. :- ८७२

मिति :- २०७५/०२/१३

## घर भाडामा लिने बारेको सूचना

### प्रथम पटक प्रकाशित मिति २०७५/०२/१३

उपर्युक्त सम्बन्धमा यस गाउँ कार्यपालिकाको कार्यालय, २ नं. वडा कार्यालय तथा स्टोर एवम् आवास को प्रयोजनको लागि बाबियाचौर बजार क्षेत्रमा मंगला गाउँपालिका भवन नजिकै वरपर निम्न बुँदा नं. १ को भौतिक अवस्था भएका घर/फ्ल्याट भाडामा लिनु पर्ने आवश्यकता भएकोले **मिति २०७५ जेष्ठ २७** गते कार्यालय समय भित्र इच्छुक घरधनीहरुले निम्न बुँदा नं. २ अनुसारका कागजपत्रहरु संलग्न गरी रु. १०/- को हुलाक टिकट टाँसी सिलबन्दी निवेदन गाउँ कार्यपालिकाको कार्यालय बाबियाचौरमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. घर/फ्ल्याटको न्यूनतम भौतिक अवस्था

क) घर/फ्ल्याटमा कम्तिमा २० (बीस) कोठाहरु छुट्टा छुट्टै ताला/ढोकाबन्दी गर्न मिल्ने, पर्याप्त प्रकाश (उज्यालो) पुग्ने हुनु पर्छ । बत्ती तथा पानीको पर्याप्त सुविधा भएको हुनु पर्ने छ । साथै ३(तीन) वटा किचनको व्यवस्था भएको हुनु पर्नेछ ।

ख) घर/फ्ल्याटका कोठाहरु भाडामा दिन चाहेको रकम अङ्क र अक्षरमा उल्लेख गर्नु पर्ने छ । अक्षरमा लेखीएकोलाई मान्यता दिईनेछ।

ग) घर सम्म पुग्न सार्वजनिक मोटरबाटो पुगेको हुनु पर्ने र सार्वजनिक बाटो, जग्गामा निर्माण नभएको हुनु पर्ने छ ।

घ) ६ (छ) कोठा र दुई वटा किचनको व्यवस्था भएका इच्छुक घर/फल्याट धनीहरूले पनि निवेदन दिन सकिने छ ।

२. निवेदन साथ संलग्न पेश गर्नु पर्ने कागजातहरु

क) घरधनीको स्पष्ट परिचय खुल्ने नाम, ठेगाना र मोबाइल नम्बर

ख) नागरिकता, लालपुर्जाको फोटोकपी १/१ प्रति

पुनश्च :- (१.) प्राप्त निवेदनहरु २०७५/०२/२८ गते बिहान ११:३० बजे गाउँ कार्यपालिकाको कार्यालयमा खोलिने छ ।

(२.) घर/फ्ल्याट भाडामा लिन उपयुक्त हुने नहुने विषयमा कार्यालयको तर्फबाट अनुगमन गरी भाडामा लिने नलिने विषयमा निर्णय गर्ने अधिकार कार्यालयको हुनेछ ।

(३.) घर/फ्ल्याटको भाडा रकम भुक्तानी र कर कट्टीका विषयमा प्रचलित ऐन, नियमानुसार हुनेछन ।

२०७५/२/१३

...प्रसाद पौडेल
...अधिकृत